संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - ११

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल फागुन १० गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ निम्नलिखित मा० सदस्यहरुले नेपाल बाल मन्दिर सम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक हुनुपर्ने, नेपाल ललितकला प्रतिष्ठानको जग्गाको निगरानी हुनुपर्ने, दाङ जिल्लाको चार लेन सडक समयमा सम्पन्न नभएको कारण जनताले सास्ती भोग्नुपरेको र दुर्घटनाका कारण ज्यान समेत गुमाउनु परेको, लाल आयोगको प्रतिवेदन सार्वजनिक हुनुपर्ने, रौतहट जिल्लामा सम्माननीय उपराष्ट्रपति सम्मिलित धार्मिक कार्यक्रममा विद्युत आपूर्ति बन्द गरेर विद्युत प्राधिकरणले गैर जिम्मेवार काम गरेको, सप्तरीमा सोशिता दासलाई बोक्सीको आरोपमा कुटपिट भएको घटनाप्रति गृह मन्त्रालयले सदनमा जवाफ दिनुपर्ने, भक्तपुर-दुवाकोट सडकखण्ड अविलम्ब कालोपत्रे हुनुपर्ने, नेपालको राष्ट्रपति को हुने भन्ने विषय कुनै विदेशी व्यक्तिको ट्वीटमा आउनु राष्ट्रियतामाथि हस्तक्षेप भएको, कुटनैतिक भ्रमणमा आउने व्यक्तिले परराष्ट्र मार्फत् उच्च पदस्थ व्यक्तिहरुसँग भेटघाट गर्नुपर्ने व्यवस्था हुनुपर्ने लगायतका विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० श्री सुमना श्रेष्ठ
२. मा० श्री दिपक गिरी
३. मा० श्री गंगाराम चौधरी
४. मा० श्री प्रभु साह
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री रघुजी पन्त

तदुपरान्त सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. म.बै./३२१/४११९ मिति २०७९/११/०५ को पत्रमार्फत् सम्माननीय राष्ट्रपतिबाट राष्ट्रिय प्रजातन्त्र दिवस, २०७९ को अवसरमा नेपालको संविधानको धारा २७६ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ बमोजिम मन्त्रिपरिषद्को सिफारिशमा अरुण कुमार चौधरी, साविक बलिया गा.वि.स. वडा नं. ३, कैलालीलाई आगो लगायो मुद्दामा कैलाली जिल्ला अदालतबाट भएको फैसला बमोजिम लागेको सजाय माफी भएको भनी नेपाल सरकार, गृह मन्त्रालयको प.सं. ०७९/०८० चं.नं. ५३० मिति २०७९/११/१० गते पत्र प्राप्त भएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तत्पश्चात प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा भाग लिनुभयो :-

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० श्री अन्जनी श्रेष्ठ
३. मा० श्री अनिशा नेपाली
४. मा० श्री अम्बिका बस्नेत
५. मा० श्री असिम शाह
६. मा० श्री ईश्वर बहादुर रिजाल
७. मा० श्री ईश्वरी घर्ती
८. मा० श्री ईश्वरी देवी न्यौपाने
९. मा० श्री उर्मिला माझी
१०. मा० श्री कल्पना मियाँ कुसारी
११. मा० श्री किरण कुमार साह
१२. मा० श्री कुसुमदेवी थापा
१३. मा० श्री गगन कुमार थापा
१४. मा० श्री गोमा लाभ (सापकोटा)
१५. मा० श्री छविलाल विश्वकर्मा
१६. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
१७. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
१८. मा० श्री कान्तिका सेजुवाल

त्यसपछि प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० डा० प्रकाश शरण महत
२. मा० श्री लिलानाथ श्रेष्ठ
३. मा० श्री महेन्द्र बहादुर शाही
४. मा० डा० तोसिमा कार्की
५. मा० श्री धवल शम्मशेर ज.ब.रा.
६. मा० श्री सुशिला श्रेष्ठ
७. मा० श्री प्रकाश ज्वाला
८. मा० श्री अनिता देवी
९. मा० श्री रामप्रकाश चौधरी
१०. मा० श्री जीवन परियार
११. मा० श्री हेमराज राई
१२. मा० श्री लेखनाथ दाहाल
१३. मा० श्री ढाका कुमार श्रेष्ठ
१४. मा० श्री शंकर भण्डारी
१५. मा० श्री लालप्रसाद साँवा लिम्बु
१६. मा० श्री सरस्वती बजिमय
१७. मा० श्री सिता कुमारी राना
१८. मा० श्री सुशिला थिङ

यसैबीच मा० श्री सुशिला श्रेष्ठले बोलीसकेपछि मा० श्री धवल शम्मशेर ज.ब.रा.ले नियमापत्ति गर्न खोज्नुभएपछि सम्माननीय सभामुखले कुन नियमको आपत्ति हो प्रष्ट पार्न भन्नुभएपछि उहाँले पूर्व वक्ता मा० सदस्यले भनेजस्तो पूर्व राजाको वक्तव्य आएको होइन भन्नुभएपछि मा० श्री रघुजी पन्त र मा० श्री हितराज पाण्डे आ-आफ्नो आशन अगाडि उभिनुभई नियमापत्ति गर्न खोज्नुहुँदा सम्माननीय सभामुखले मा० सदस्यहरुले एक अर्काको वक्तव्यलाई लिएर वादविवाद नगर्नहुन ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली मस्यौदा समितिका मा० सभापति श्री चित्र बहादुर के.सी.ले "प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९" पेश गर्नुभयो ।

त्यसपछि मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धुवबहादुर प्रधानले "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्रीले प्रस्ताव प्रस्तुत गरेपछि मा० श्री अर्जुन नरसिंह के.सी.ले नियमापत्ति गर्नुहुँदै प्रस्तुत विधेयकमा रहेको निवारण शब्दले गलत अर्थ लाग्नजाने देखिएकोले उल्लिखित विधेयकको नाम सच्याईयोस् भन्नुभयो ।

तत्पश्चात "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री राजेन्द्र कुमार के.सी.
२. मा० श्री प्रकाश ज्वाला
३. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
४. मा० श्री हितराज पाण्डे
५. मा० श्री रञ्जु कुमारी झा
६. मा० डा० प्रकाश शरण महत
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
८. मा० श्री सुमना श्रेष्ठ
९. मा० श्री प्रदिप पौडेल
१०. मा० श्री रामहरि खतिवडा
११. मा० श्री रघुजी पन्त
१२. मा० श्री प्रेम सुवाल
१३. मा० श्री रणेन्द्र बराली
१४. मा० श्री मुक्ता कुमारी यादव

त्यसपछि मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धुवबहादुर प्रधानले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" माथि संशोधन पेश गर्न चाहने मा० सदस्यहरुले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १११ बमोजिम बहत्तर घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधनको सूचना विधेयक शाखा (प्रतिनिधि सभा) मा दिनसक्नुहुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०७९ साल फागुन १२ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ५.३५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव